का.जि.प्र.का.द.नं. १००/०५९/६०
२२ असोज २०८०,
सोमबार
9 October 2023,
Monday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २१, अंक २५६ । पृष्ठ १० | Madhyanha National Daily | www.madhyanhadaily.com



# इजरायल पढ्न गएका १० नेपाली मारिए

**इजरायलमा रहेका सबै नेपालीको वास्तविक स्थितिको पहिचान गर्न, नेपालीहरूलाई सुरक्षित तवरले रहने प्रबन्ध गर्न, उद्धार तथा सहयोग गर्नका लागि इजरायल सरकारसँग आवश्यक समन्वय र सहजीकरणको कार्य भइरहेको छ ।**

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २१ असोज

इजरायल पढ्न गएका १० नेपाली प्यालेस्टायनी कट्टरपन्थी समूह हमासले गरेको आक्रमणमा मारिएका छन् । परराष्ट्र मन्त्रालयका अनुसार १० जना नेपालीको मृत्यु भएको पुष्टि भएको छ भने तीन जना घाइते भएका छन् । मृत्यु हुनेमा घोडाघोडी-४ कैलालीका नारायण न्यौपाने, जयपृथ्वी-६ बझाङका गणेशकुमार नेपाली, बाउनिया-३ कैलालीका आशिष चौधरी, लेकाम-५ दार्चुलाका दिपेशराज विष्ट, सपही-६, धनुषाका आनन्द साह र मधुवान-१, सुनसरीका राजेशकुमार स्वर्णकार छन् ।

पाँचनली-डोटीका राजन फुलारा, लामिखाल-८ डोटीका पदम थापा, सारदा-३ सल्यानका प्रवेश भण्डारी र मालिकार्जुन-४ दार्चुलाका लोकेन्द्र सिंह धामीको पनि मृत्यु भएको छ । सारदा-२ सल्यानका विधान सेजुवाल, दगिशरण-३ दाङका प्रविण डाँगी घाइते भएका छन् । उनीहरुको स्थानीय अस्पतालमा उपचार भइरहेको छ । दुबैको खट्टामा गम्भीर चोट लागेको छ ।

गोरखा-८ गोरखाका हिमाञ्चल कट्टेलको पनि उपचार भइरहेको छ । टीकापुर-९ कैलालीका धनबहादुर चौधरी उपचारपछि अस्पतालबाट डिस्चार्ज भएका छन् । त्रिवेणी-१ सल्यानका प्रमोद केसी फार्म हाउस मामिकको घरमा सुरक्षित छन् भने भजनी त्रिशक्ति-४ कैलालीका वीरेन्द्र चौधरी इजरायलको सुरक्षा पोष्टमा सुरक्षित अवस्थामा छन् । शनिबार इजरायलको गाजापट्टीमा >>> पृष्ठ २ मा

## घटनाबारे बुझ्न संयन्त्र परिचालन



“उद्धार गर्नुपर्ने अवस्थामा उक्त कार्य समेत गर्नका लागि आवश्यक निर्णय लिने, समन्वय तथा सहयोग गर्नेलगायतका सम्पूर्ण कार्यहरू गर्न संयन्त्र परिचालित छ ।

■ **एनपी साउद**, परराष्ट्रमन्त्री

परराष्ट्रमन्त्री नारायणप्रसाद साउदले इजरायल घटनाबारे बुझ्न संयन्त्र परिचालन गरिएको जनाएका छन् । आइतबार प्रतिनिधिसभाको बैठकमा इजरायल घटनाबारे जानकारी दिँदै उनले संयन्त्र परिचालन गरिएको >>> पृष्ठ २ मा

## तोकिए सम्पर्क व्यक्ति

सरकारले इजरायलमा अलपत्र परेका नेपालीको सहयोगका लागि सम्पर्क व्यक्ति पनि तोकेको छ । परराष्ट्र मन्त्रालयले आइतबार सूचना जारी गर्दै इजरायलमा अलपत्र परेका नेपालीहरुको आवश्यक जानकारी, सहयोग र सहजीकरणको लागि सम्पर्क व्यक्ति तोकेको हो ।

सरकारले परराष्ट्र मन्त्रालयकी प्रवक्ता सेवा लम्साल, सहसचिव शरदराज आरण, उपसचिव दुरपदा सापकोटा र शाखा >>> पृष्ठ २ मा



**वैदेशिक रोजगार विशेष**

## इजरायल-प्यालेस्टाइन युद्धले वैदेशिक रोजगार सशंकित

**मध्यान्ह संवाददाता**
काठमाडौं, २१ असोज

प्यालेस्टाइन इस्लामिक अतिवादी समूह हमासले शनिबार इजरायलमाथि गरेको आक्रमणमा परी १० जना विद्यार्थीको मृत्युले सिंगो नेपाली समुदायलाई स्तब्ध बनाएको छ । १० विद्यार्थीको मृत्युले इजरायलमा हाल कार्यरत चार हजार पाँच सय केयर गिभर कामदार र थप दुई सय ६५ जना विद्यार्थीको सुरक्षाको चिन्ता बढाएको छ ।

तत्कालको यो चिन्तासँगै इजरायल-प्यालेस्टाइन युद्ध लम्बिँदै गयो र त्यसमा युक्रेन-रूस युद्धमा अमेरिका र नेटो सदस्य राष्ट्र तानिएजस्तै अरब जगतका साउदी अरेबिया, इरान र अन्य शक्तिशाली राष्ट्र तानिए भने खाडी मुलुकमा ठूलो संख्यामा नेपाली कामदारको भविष्य खतरामा पर्ने त होइन भन्ने अर्को चिन्ता सुषुप्त अवस्थामा देखिन थालेको छ । त्यसो भयो भने रेमिट्यान्समा टिकेको नेपाली अर्थतन्त्रमा तत्कालै समस्या देखिने छ ।

नेपाल वैदेशिक रोजगार व्यवसायी संघको साउदी मामिला संयोजक बैकुण्ठ पौडेल ‘वैभव’ इजरायल-प्यालेस्टाइन युद्धको घटना अत्यन्तै आकस्मिक भएकोले वैदेशिक रोजगारमाथि त्यसको सम्भावित परिणामबारे ठोस आंकलन हुन नसकेको, तर खाडी मुलुकको रोजगारी प्रभावित हुने चिन्ता बढाएको बताउँछन् ।

अरब राष्ट्रहरूसँग इजरायलीको सम्बन्ध सुमधुर नरहेको भएपनि उनीहरूबीच सैन्य र सुरक्षा लाभहरूबाहेक आर्थिक सम्बन्ध व्यापक छ । खाडी मुलुकहरूमध्ये यूएई र बहराइनको सम्बन्ध इजरायलसँग सबैभन्दा राम्रो मानिन्छ । हमासले इजरायलमाथि अचानक आक्रमण गरेपछि साउदी विदेशमन्त्री राजकुमार फैसल बिन फरहानले इजिप्ट, कतार र जोर्डनका आफ्ना अरब समकक्षीहरूसँग छुट्टाछुट्टै टेलिफोन वार्ता गरी बढ्दो तनाव रोक्न संयुक्त प्रयासलाई तीव्र पार्ने उपायहरू खोज्न जोड दिएका छन् । उनले युद्ध लम्बिएको अवस्थामा त्यसको बहुपक्षीय नकारात्मक असर पर्ने भन्दै तनाव रोक्नु नै सबैको हितमा हुने बताएका छन् ।

**सुन तस्करी प्रकरण**

## पूर्वसभामुख महरालाई उन्मुक्ति !

**भेपमार्फत अवैध सुन तस्करी प्रकरणमा नाम जोडिएका पूर्वसभामुख कृष्णबहादुर महरालाई उन्मुक्ति दिने गरी राय दिइएको छ । सीआईबीले सोमबार महरालाई मुद्दा नचलाउने राय जिल्ला सरकारी वकिलको कार्यालयलाई दिएको छ ।**

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, २१ असोज

इलेक्ट्रिक चुरोट ‘भेप’मा लुकाएर सुन तस्करी गरेको घटनाको अनुसन्धान प्रतिवेदन प्रहरीले बुझाएको छ । आइतबार सरकारी वकिल कार्यालयमा अनुसन्धान प्रतिवेदन बुझाएको नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी)ले एआईजी किरण बज्राचार्यले बताइन् ।

‘राहुल महरा, लोकेन्द्रकुमार पौडेल र तिब्बत मूलका बेल्जियन नागरिक दावा छिरिङ सहित चार जनालाई प्रतिवादी कायम गर्न राय दिइएको छ । भेप प्रकरणमा प्रतिवादी कायम गर्न सिफारिस गरिएका एक जना फरार छन्’ उनले भनेकी छन् ।



**किरण बज्राचार्य**
**एआईजी, सीआईबी**

राहुल महरा, लोकेन्द्रकुमार पौडेल र तिब्बत मूलका बेल्जियन नागरिक दावा छिरिङसहित चार जनालाई प्रतिवादी कायम गर्न राय दिइएको छ । भेप प्रकरणमा प्रतिवादी कायम गर्न सिफारिस गरिएका एक जना फरार छन् ।

चिनियाँ सुन तस्कर दाओजिन वाङसहित ६ जनालाई पछि खुलेको अवस्थामा प्रतिवादी बनाउन प्रहरीले राय दिइएको छ । प्रहरीले ८ करोड ५७ लाख बिगो कायम गर्नुपर्ने राय दिएको छ ।

तर, भेप मार्फत् अवैध सुन तस्करी प्रकरणमा नाम जोडिएका पूर्वसभामुख कृष्णबहादुर महरालाई उन्मुक्ति दिने गरी राय अगाडि बढेको छ । नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी)ले सोमबार महरालाई मुद्दा नचलाउने >>> पृष्ठ २ मा



# उपभोक्ता हित संरक्षणका सवालमा सरकार सचेत छ : मुख्यसचिव डा. अर्याल




**काठमाडौं/मस–** नेपाल सरकारका मुख्यसचिव डा. वैकुण्ठ अर्यालले उपभोक्ता सचेत बन्न सकेमात्र बजार अनुगमन प्रभावकारी हुने बताएका छन् ।

आइतबार तराई विकास तथा सञ्चार केन्द्र नेपालले बिजुलीबजारमा आयोजना गरेको कार्यक्रमलाई सम्बोधन गर्दै मुख्यसचिव डा. अर्यालले बजार मूल्य नियन्त्रण गर्न, अखाद्य पदार्थको मिसावट रोक्न र म्याद गुज्रिएका खाद्य पदार्थ बिक्री वितरण हुनबाट रोक्न बजार अनुगमन नियमित र प्रभावकारी ढंगले हुनुपर्नेमा जोड दिए ।

कालाबजारी र विचौलियाहरुका कारण पछिल्लो समय चिनी लगायतका खाद्य पदार्थहरुमा अस्वाभाविक रुपमा मूल्यवृद्धि भएकोप्रति इंगित गर्दै मुख्यसचिव अर्यालले अधिकार प्राप्त प्रशासनिक जगत् उपभोक्ता हित प्रवर्द्धनमा कठोर भएर लाग्न निर्देशन समेत दिए ।

कार्यक्रममा काठमाडौं उपत्यका प्रहरी कार्यालयका प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक दिपक थापाले उपत्यका सुरक्षा व्यवस्थालाई चुस्त दुरुस्त पार्नका लागि सिंगो प्रहरी संगठन संवेदनशिल रहेको बताए। चाडपर्वको समयमा सुरक्षा संवेदनशिलतामा चुनौती रहने भन्दै थापाले उपत्यकाको सुरक्षा व्यवस्था कडा पारिएको जानकारी गराए । चाडपर्वको बेला घर जाने यात्रुहरु ठगिने गरेको भन्दै उनले यात्रुहरुका लागि हेल्प डेस्क राख्ने बताए ।

काठमाडौ जिल्ला प्रशासन कार्यालय काठमाडौंका प्रमुख जिल्ला अधिकारी जितेन्द्र बस्नेतले बजार अनुगमन प्रभावकारी बन्नका लागि उपभोक्ता सचेतना जरुरी रहेको बताए। चाडपर्वको बेला उपभोक्ता हित विपरितका कार्य बढ्ने हुँदा वाणिज्य तथा आपूर्ति हित संरक्षण विभागले दिएको अधिकारलाई प्रयोग गर्दै अनुगमनका कार्यलाई तीव्रता दिएको बताए ।

ललितपुर जिल्ला प्रशासन कार्यालयका प्रमुख जिल्ला अधिकारी रुद्र प्रसाद पण्डितले बजेट र स्रोत साधनको अभावका बाबजुद पनि ललितपुरमा बजार अनुगमनको कार्य प्रभावकारी बनाउन लागि परेको बताए । वाणिज्य तथा आपूर्ति हित संरक्षण विभागसँगको सहकार्यमा यस आर्थिक वर्षमा ३३ फर्ममा अनुगमन गरेको जानकारी गराउँदै प्रजिअ पण्डितले उपभोक्ता हित विपरितका गतिविधि भएमा आफूँहरुलाई सूचना दिन अपिल गरे । चाडपर्वको समयमा उपभोक्ता ठगिने कार्य बढ्ने हुँदा त्यस्ता गतिविधि रोकथाम तथा नियन्त्रणका लागि सहयोग गर्न अपिल समेत गरे ।

जिल्ला प्रशासन कार्यालय भक्तपुरकी प्रमुख जिल्ला अधिकारी रोशनी कुमारी श्रेष्ठले बजार अनुगमनमा नागरिकको दायित्व महत्वपूर्ण हुने बताइन् । बजार अनुगमनका लागि पर्याप्त स्रोत, साधन नभएपनि जिल्ला प्रशासन कार्यालय भक्तपुरले अनुगमन कार्यहरुलाई तीव्रता दिएको उनले बताइन् ।

वाणिज्य, आपूर्ति तथा हित संरक्षण विभागका महानिर्देशक तीर्थराज चिलवालले विभागले स्वच्छ र प्रतिस्पर्धी बजार निर्माणमा सक्रिय भएर लागि परेको बताए ।

नेपालीहरुको महान् पर्व विजयादशमी, शुभ दिपावली तथा छठ पर्व नजिकिँदै गर्दा विभागप्रति आम उपभोक्ताको जुन अपेक्षा रहेको छ, त्यो अपेक्षालाई पूरा गर्न लागि परेको उनको भनाइ थियो ।

अनुगमन कार्यलाई प्रभावकारी बनाउनका लागि जिल्ला प्रशासन कार्यालयहरुलाई समेत अधिकार प्रत्यायोजन गरिएको र अनुगमन कार्य गर्न कुनै कानूनी उल्झन नरहेको उनले बताए । महानिर्देशक चिलुवालले बजार मूल्यलाई एकरुपता कायम गर्नका लागि विभागले छिट्टै उपभोग्य बस्तुको मूल्य समेत सार्वजनिक गर्ने बताए ।

कार्यक्रममा बोल्दै साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेडका विभागीय प्रमुख ब्रजेश कुमार झाले चाडपर्व लक्षित सुपथ मूल्य पसल सञ्चालनका ल्याएको जानकारी गराए। पछिल्लो समय चिनीको मूल्य प्रतिकिलो १ सय ५० सम्म पुगेकोमा कर्पोरेशनले रु. ९७ मा नै उपलब्ध गराएको बताए ।

नेपाल पत्रकार महासंघका केन्द्रीय सचिव एवम् तराई विकास तथा सञ्चार केन्द्र नेपालका अध्यक्ष गोविन्द प्रसाद चौलागाईको अध्यक्षतामा आयोजना भएको हो। कार्यक्रममा बोल्दै चौलागाईंले बजार अनुगमनलाई फरक-फरक निकायले फरक -फरक समयमा गर्नुभन्दा एकद्वारा प्रणालीबाट गर्नसके त्यसले आशातित परिणाम दिन सक्नेमा विश्वास व्यक्त गरे ।

कार्यक्रममा उपभोक्ता जागरण नेपालका अध्यक्ष कृष्ण प्रसाद भण्डारी र खुद्रा व्यापार संघका अध्यक्ष देवेन्द्र श्रेष्ठले उपभोक्ताले भोग्नु परेका समस्याहरुका विषय औंल्याएका थिए ।

कार्यक्रममा काठमाडौ जिल्लाका प्रहरी प्रमुख भुपेन्द्र खत्री, ललितपुरका प्रहरी सिद्धी विक्रम शाहलगायतका विभिन्न विभागका महानिर्देकहरु, नेपाल आयल निगम, खाद्य प्रविधि तथा गुणस्तर विभाग, नापतौल विभागलगायतका प्रतिनिधिहरुको उपस्थिति रहेको थियो ।

# परवानीपुर गाउँपालिका र वडा कार्यालय दुई सिफ्टमा सञ्चालन हुँदै




**राहुल गुप्ता/मध्यान्ह**
बारा, २१ असोज

बाराको परवानीपुर गाउँपालिकाले गाउँपालिका तथा वडा कार्यालयहरू दुई सिफ्टमा सञ्चालन गर्ने जनाएको छ। एक सूचना जारी गर्दै गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत मुन्ना रौनियारले गाउँ कार्यपालिकाको कार्यालयको राष्ट्रिय परिचयपत्र, प्रशासन, योजना, पञ्जीकरण दर्ता चलानी शाखा र वडा नम्बर १ देखि ५ सम्मका कार्यालयहरू दुई सिफ्टमा सञ्चालन हुने जनाएका छन् ।

कार्यालय असोज १८ गतेदेखि हप्ताको २ दिन आइतबार र सोमबार बिहान ७ बजेदेखि १० बजेसम्म र १० बजे देखि ५ बजेसम्म गरी दुई सिफ्टमा सञ्चालन हुने रौनियारले जानकारी दिए । दिउँसोको समयमा अन्यत्र काम गर्ने सेवाग्राहीहरूलाई छुट्टी लिएर आउनुपर्ने बाध्यता अन्त्य गर्दै हप्ताको दुई दिनका लागि भए पनि दुई सिफ्टमा कार्यालय सञ्चालन गर्न थालिएको रौनियारले बताए । 'यस्तो गर्दा दिउँसो अफिसमा काम गर्नेहरूलाई धेरै सहज हुन्छ,' उनले भने, 'सेवाग्राहीहरूको सबै काम पनि हुन्छ र उहाँहरूलाई आफ्नो अफिसबाट छुट्टी पनि लिनुपर्दैन ।'

दुई सिफटको सेवा दैनिक ज्यालादारी, मजदुरी र उद्योगमा कामदारका रूपमा काम गर्नेहरूलाई पनि फलदायी भएको उनको दाबी छ । 'यसरी गर्दा सेवाग्राहीको चाप पनि घटेको छ,' उनले भने ।

# कल्याणपुर नगरपालिकाले आयव्यय सार्वजनिक नगरेको भन्दै आन्दोलन



**राजेन्द्र महतो/मध्यान्ह**
सिरहा, २१ असोज

सिरहाको कल्याणपुर नगरपालिकामा अपारदर्शिता कायम राख्दै नगर सभा गर्न लागेपछि विवाद चर्किएको छ । विवादको क्रममा झडप हुँदा नगर प्रमुख र वडाध्यक्षहरु दुबै पक्षका दर्जनौं व्यक्ति घाइते भएका थिए । नगर प्रमुख राम पुकार साहले गत आर्थिक वर्षको आयव्यय सार्वजनिक नगरेको भन्दै वडा अध्यक्ष तथा स्थानीयले सात दिनदेखि आन्दोलन गरिरहेका छन् ।

आन्दोलनका कारण कार्यालयको कामकाजसमेत प्रभावित भएको छ । विकास निर्माणमा निकै पछि परेको यस पालिकाको आर्थिक आय व्यय सार्वजनिक गर्न माग गर्दै विभिन्न किसिमका आन्दोलनहरू भइरहेका छन् । कल्याणपुरमा १२ वटा वडा छन् । जसमध्ये नेपाली कांग्रेस, नेकपा एकीकृत समाजवादी र जनता समाजवादी पार्टीका छ जना वडाध्यक्ष विगत ४ दिनदेखि आन्दोलनमा छन् । उनीहरु गत आर्थिक वर्षको आयव्यय सार्वजनिक नगरेसम्म आन्दोलन जारी राख्ने बताउँछन् ।

यता नगरपालिकाका मेयर राम पुकार साहले एक विज्ञप्ति जारी गर्दै आ.व. २०७९/२०८० को केन्द्रीय एकीकृत विवरण कोष तथा लेखा नियन्त्रक कार्यालयबाट प्रमाणित भइ नआएको र महालेखा परीक्षकबाट लेखापरीक्षण प्रतिवेदन प्राप्त नहुँदा खर्च सार्वजनिक नभएको जनाएका छन् । महालेखाबाट प्राप्त भएपछि २०७९/२०८० को आय व्यय सार्वजनिक गर्ने उनले विज्ञप्तिमा उल्लेख गरेका छन् ।

## इजरायल...

हमासले हजारौं रकेट आक्रमण गरेको हो । अत्याधुनिक हतियार र बख्तरबन्ध गाडीले सुसज्जित हमास लडाकुले इजरायलमा आक्रमण गर्दा नेपालीहरु पनि परेका हुन् ।

सन् २०२१ मा पनि इजरायल र हमासबीच लडाइँ भएको थियो । त्यतिबेला पनि सयौंको मृत्यु भएको थियो । उक्त लडाइँलाई सन २०१४ यताकै सबैभन्दा गम्भीर किसिमको भनिएको थियो । अन्तर्राष्ट्रिय सञ्चारमाध्यमहरुले अहिले जारी लडाइँलाई दशकौंपछिको सबैभन्दा गम्भीर किसिमको भनेका छन् ।

## घटनाबारे..

जानकारी गराए । इजरायलमा भएको घटनालाई लिएर परराष्ट्र मन्त्री साउदको संयोजकत्वमा सबै सरोकारवाला निकायहरू सम्मिलित एक समन्वय संयन्त्र स्थापना गरिएको छ । आइतबार बिहान प्रधानमन्त्री प्रचण्डको अध्यक्षतामा बैठक बसी परराष्ट्र मन्त्रीको संयोजकत्वमा समन्वय संयन्त्र स्थापना गरिएको हो ।

इजरायल घटनाको निरन्तर अनुगमन र वस्तुस्थितिको समग्र मूल्यांकन गरी नेपालीहरूको अवस्था पहिचान गर्ने, उद्धार गर्नुपर्ने अवस्थामा उक्त कार्य समेत गर्नको लागि सो समन्वय संयन्त्र स्थापना गरिएको हो ।

'यस संयन्त्रले घटनाको निरन्तर अनुगमन र वस्तुस्थितिको समग्र मूल्यांकन गरेर नेपालीहरूको अवस्था पहिचान गर्ने, उद्धार गर्नुपर्ने अवस्थामा उक्त कार्य समेत गर्नको लागि आवश्यक निर्णय लिने, समन्वय तथा सहयोग गर्ने लगायतका सम्पूर्ण कार्यहरू गर्नेछ' मन्त्री साउदले भनेका छन् ।

उनले दक्षिण इजरायलमा भएको भयानक आक्रमणका बारेमा जानकारीमा आए लगत्तै त्यस क्षेत्रमा रहेका नेपालीहरूको अवस्था बुझ्न एवं उनीहरूको सुरक्षाको प्रत्याभूति गर्न परराष्ट्र मन्त्रालयले आफ्नो संयन्त्र एवं सम्पर्क परिचालन गरेको पनि जानकारी गराएका छन् ।

परराष्ट्र मन्त्रालयले नेपाली राजदूतावासलाई नेपालीहरूको उद्धार गर्न, त्यहाँको वस्तुस्थितिको जानकारी गराई सुरक्षित रुपमा रहन, इजरायल सरकारले जारी गरेको सुरक्षा निर्देशन तथा नियम पालना गर्नको लागि नेपालीहरूलाई जानकारी गराउन निर्देशन दिइसकेको छ । नेपाली राजदूतावासले इजरायलमा रहेका नेपालीहरूलाई आवश्यक जानकारी सम्प्रेषण गर्ने, इजरायल सरकारसँग समन्वय गरी आवश्यक उद्धार र घाइते भएका नेपाली नागरिकहरूको उपचारका लागि पहलकदमी लिइरहेको छ ।

इजरायलमा रहेका नेपालीहरूको वास्तविक स्थितिको पहिचान गर्न, नेपालीहरूलाई सुरक्षित तवरले रहने प्रबन्ध गर्न, उद्धार तथा सहयोग गर्नको लागि इजरायल सरकारसँग आवश्यक समन्वय र सहजीकरणको कार्य भइरहेको छ ।

## तोकिए...

अधिकृत कृष्ण सिलवाललाई सम्पर्क व्यक्ति तोकेको छ ।

नेपाली राजदूतावास इजरायलका राजदूत कान्ता रिजाल र प्रथम सचिव अर्जुन घिमिरेलाई पनि सम्पर्क गर्न सकिने मन्त्रालयले जनाएको छ ।

## सुन...

राय जिल्ला सरकारी वकिलको कार्यालयलाई दिएको छ । सुन तस्करी अभियोगमा पूर्वसभामुख महराका छोरा राहुलसहित ३ जनालाई मुद्दा चलाउने राय दिइएको छ। पूर्वसभामुख महराका छोरा राहुल, तिब्बती मूलका बेल्जियन नागरिक दावा छिरिङ र सुन तस्करीमा संलग्न चिनियाँ नागरिक दावाजिन वाङका सवारी चालक लोकेन्द्र पौडेलविरुद्ध मुद्दा चलाउन सीआईबीले राय सहितको प्रतिवेदन बुझाएको हो। ६१ किलो सुन प्रकरणमा समेत संलग्न दावा छिरिङ हाल कारागारमा छन् ।

यही कसुरमा एक जना नेपालीलाई फरार सूचीमा राखिएको छ। सुन ल्याउने चिनियाँ नागरिक दावाजिनसहित ६ चिनियाँलाई नेपालभित्र पक्राउ परेको बखत अनुसन्धान बमोजिम हुनेगरी खोजी सूचीमा राखिएको छ ।

भेप प्रकरणमा प्रतिवादी बनाइएकाविरुद्ध ८ करोड ५५ लाख २८ हजार ३ सय ७४ रुपैयाँ बिगो कायम गरेर मुद्दा चलाउन राय दिइएको छ । २०७९ पुस १० मा दुबईबाट दावाजिन र अर्का एक चिनियाँ नागरिकको योजनामा भेपमा लुकाएर ९ किलो ११.५२४ग्राम सुन भेटिएको थियो।

भेपका रुपमा ल्याइएको वस्तु शंकास्पद देखिएपछि विमानस्थल भन्सार कार्यालयले नियन्त्रणमा लिएको थियो । त्यसपछि भेप छुटाउन पूर्वसभामुख महरा र उनका छोरा राहुलले समेत दबाब दिएका थिए ।

महरा बाबुछोराले समेत २५६ पटक फोन गरेर सुन छुटाउने प्रयास गरेका थिए । त्यही सुन भन्सारबाटै चोरी भएर सीआईबीले अनुसन्धान गरेको थियो । गत असार २७ मुद्दा दायर भएपनि सुन ल्याउने समूहमाथि अनुसन्धान भएको थिएन । यो प्रकरणमा पूर्वसभामुख महरालाई प्रहरीले बयान कागज गराएको छ ।

### महराले स्वीकारेका थिए फोन संवाद

भेपमा लुकाएर सुन तस्करी गरेको घटनामा पूर्वसभामुख महराले आफूले तत्कालीन भन्सार प्रमुखलाई 'फोन मात्रै गरेको' स्वीकारेका थिए ।

केन्द्रीय अनुसन्धान ब्युरोमा गएर बयान कागज गरेका महराले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलका तत्कालीन प्रमुख भन्सार प्रशासक अरुण पोखरेललाई फोन मात्रै गरेका बताएका थिए। चिनियाँ सुन तस्कर दाओजिन वाङ्गसँग आफ्नो पुरानो चिनजान रहेको महराले स्विकारेका थिए ।

अनुसन्धान अधिकृतहरूसँग महराले भनेका छन्, 'वाङ्गले मलाई आफू एउटा फलफूल व्यापारीको रूपमा नेपालमा व्यापार गर्ने भनी चिनाएका थिए ।' प्रहरीका अनुसार महराले '२०७९ पुस १० मा फ्लाई दुबईको फ्लाइट नम्बर एफजेड-०५८७ बाट नेपाल आएका चिनियाँ नागरिक लि हासोङ्गले दुई वटा सुटकेस भित्र ७३ बट्टामा रहेको ७३० थान इलेक्ट्रिक सिगरेट (भेप) त्रि.वि भन्सार कार्यालयमा जफत भए पश्चात दाओजिन वाङ्गले उक्त सामान त्रिवि भन्सार कार्यालयमा पक्राउ परेका तीन दिन भएको' बताएका थिए ।

'के भएको हो बुझि दिनु पर्ने भयो भनी मलाई भनेको तथा मैले अरुण पोखरेललाई पहिलेदेखि चिनेको भएको हुनाले के कसो भएको हो, कानुन बमोजिम के गर्न मिल्छ हेरि दिनु होला भनी फोन गरेको हो' महराले बयानमा भनेका छन्, 'मेरो छोरा राहुल भन्ने रेशम महरा के कारणले उक्त इलेक्ट्रिक सिगरेट (भेप) जफत भएको रहेछ, कानुन बमोजिम मिल्ने भए सहयोग गरी दिनु भनी अरुण पोखरेलको सम्पर्कमा गएका हुन् ।'

दाओजिन वाङ्ग सँग पुरानो चिनजान भएको र उनले आफू एउटा फलफूल व्यापारीको रूपमा नेपालमा व्यापारे गर्ने भनी चिनाएका महराले बताएका छन् । 'सामान्य विषयमा फोनमा कुराकानी हुने गर्दथ्यो । यो बाहेक निजसँग अन्य कुनै विषयमा कुराकानी हुने र अन्य कुनै किसिमको सम्बन्ध पनि छैन' ब्यहोराले भनेका छन् । फोन गरेको स्वीकार गरेता पनि अपराधमा संलग्न रहेको पुष्टि नभएका कारण महरालाई मुद्धा चलाउने राय दिनु नपरेको प्रहरीको निष्कर्ष छ ।

# लायन्स क्लब सैनामैना स्टारद्वारा विपन्न विद्यार्थीलाई शैक्षिक सामग्री वितरण



**प्रदिप ज्ञवाली/मध्यान्ह**
सैनामैना, २१ असोज

लायन्स क्लब अफ सैनामैना स्टारद्वारा अति विपन्न विद्यार्थीलाई कापी र कलम वितरण गरिएको छ।

आइतबार एक कार्यक्रमकाबीच राष्ट्रिय माध्यमिक विद्यालय सैनामैना ७ आमीमा अध्ययनरत ३५ विद्यार्थीहरुलाई कापी, कलम वितरण गरिएको हो ।

कार्यक्रम भीडीजी एमजेएफ लायन पुरुषोत्तमभक्त प्रधानको प्रमुख आतिथ्यतामा भएको थियो भने कार्यक्रमको अध्यक्षता लायन्स क्लब अफ सैनामैना स्टारका अध्यक्ष शिवराज पोखेलले गरेका थिए ।

कार्यक्रममा क्लवका चार्टर प्रेसिडेन्ट कृष्ण ज्ञवाली, आइपीपी देवी प्रसाद पाण्डे, फस्ट भिपी टामलाल न्यौपाने, सेकेण्ड भिपी जीवन घिमिरे लगायत विभिन्न संघसंस्थाका सामाजिक व्यक्तिहरु, जनप्रतिनिधिहरुको उपस्थिति रहेको थियो। क्लबले प्रत्येक महिना यस्तै सामाजिक कार्यहरु गर्दै आइरहेको र आगामी दिनमा पनि सामाजिक कार्यमा निरन्तर अगाडि बढ्ने क्लबका कोषाध्यक्ष लायन राजन भट्टराई (राज)ले जानकारी गराए । प्रदिप भण्डारीको संयोजकत्वमा भएको कार्यक्रमको सञ्चालन क्लवका सह-सचिव घनश्याम भुसालले गरेका थिए ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७६/१०/०२ मा दर्ता भएको **प्रा.लि. नं. २३२५४३** को **प्राइड डिजाईन एण्ड विल्ड प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८०/०६/१९ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ को उपदफा (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७९/०८/२५ मा दर्ता भएको **प्रा.लि. नं. ३०३३९३** को **गेटवे फार्मा प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८०/०६/२१ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मिति: २०८०/०६/२२**

**मिस्त्री ज्यामी इन्जिनियरिङ सेवा प्रा.लि.** को मिति २०८०/०५/२५ गते सम्पन्न विशेष साधारणसभाबाट पारित प्रस्तावको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **ओरिन्डा ट्रेडिङ प्रा.लि. (प्रा.लि. नं.: २९८७७१)** कायम गर्ने गरी मिति २०८०/०६/१९ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**कर्मचारी नरहेको सूचना**

नेपाल सरकारबाट बैदेशिक रोजगार व्यवसाय सँचालन गर्न इजाजत प्राप्त यस **सनराइज एच.आर. सोलुसन प्रा.लि.** (**श्रम इजाजत पत्र नं. १२१६/०७४/०७५)** मा कार्यरत निम्न कर्मचारी हाल यस कार्यालयमा कार्यारत नरहेको सम्बन्धित सबैमा जानकारी गराइन्छ। साथै निज व्यक्तिसँग यस प्रा.लि.को नाममा वैदेशिक रोजगार सम्बन्धी कुनै पनि कार्य/आर्थिक कारोबार नगर्न/नगराउनु हुन यसै सार्वजनिक सूचनाद्वारा सम्बन्धित सबैमा जानकारी गराइन्छ र यदि यसो गरे/गरायमा यस प्रा.लि. जिम्मेवार हुने छैन । साथै कुनै दावी विरोध भएमा ७ दिन भित्र यस प्रा.लि. मा वा वैदेशिक रोजगार विभागमा सम्पर्क गर्नहुन अनुरोध गरिन्छ ।

| सि.नं. | कर्मचारीहरुको नाम | कर्मचारीहरुको पद | नागरिकता नम्बर | स्थायी ठेगाना |
|---|---|---|---|---|
| १. | चन्द्र लाल श्रेष्ठ | पिआरओ | ३०३०३/११३५९० | स्याउले-०८, सिन्धुपाल्चोक |

SUNRISE H.R. SOLUTION PVT. LTD.
Sinamangal, Kathmandu, Nepal, Tel: +977-01-5919928
Mob.: 9851062224 | 9851005928 | 9803755140 | 9849162085 | 9822516619
Gov. Lic No. 1216/074/075
Email: sunrisehrsolution2074@gmail.com., Web.www.sunrise.com.np

**बहराइनमा रोजगार** | कम्पनी : ALMOAYYED CONTRACTING GROUP
शहर : MANAMA

पूर्व स्वीकृत मितिः २०८०/०६/२१ चलानी नं.: ६०२०८८७३ LT. No.: 293665

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब BD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 75 | 25 | सम्बन्धित काममा दक्ष | 100 | ३५,२५२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | security Guard | 75 | 0 | | 120 | ५१,५६६ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० असोज २९ गते (16 October 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २००२/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

LINK INTERNATIONAL PLACEMENT SERVICE PVT.LTD.
Govt. Lic. No.: 821/066/067
ISO 9001 : 2015
Tokha-5, Basundhara, Kathmandu, Tel.: 01-4956654, 4955978
Email: info@linknepalmanpower.com, Website: www.linknepalmanpower.com, P.O.Box: 9158
BRANCH OFFICE'S:
Pokhara : 061-590070 | 590071 | 9856036098, Chitwan : 056-595592 | 9802909595,
Butwal : 071-533111 | 9857077841, Birtamod : 023-532754 | 9807981913, Janakpur: 9807806454 | 9851128051

**तामाकोशी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**जफे, दोलखा**

**सूचना प्रकाशन मितिः-२०८०/०६/२२**

यस गाउँपालिकाबाट आ.व. २०८०/८१ मा प्रकाशन/प्रशारण हुने विभिन्न सूचना तथा विज्ञापनहरु सार्वजनिक खरिद ऐन वमोजिम प्रतिस्पर्धाको माध्यबाट गर्नुपर्ने भएकोले योग्य फर्म/संस्थाहरुवाट प्रस्ताव आव्हान गरिएको छ ।

१. प्रस्ताव गाउँ कार्यपालिकाको कार्यालयवाट सिधै रु १०००।- नगदी रसिदवाट खरिद गरी वा web siteबाट डाउनलोड गरी लक्ष्मी सनराईज बैंकमा रहेको यस पालिकाको आन्तरिक राजश्व खाता नं १२७०३०००१४२ मा (फिर्ता नहुने) बुझाएको सक्कल भौचर पेश गरी दर्ता गर्न सकिनेछ ।

२. प्रस्ताव रीतपूर्वकको Legal Document सहित २०८०/०७/१२ गते दिनको १२ वजेभित्र यस कार्यालयमा दर्ता गर्नु पर्नेछ। दर्ता भएका प्रस्तावहरु सोही दिन दिनको २ बजे खोलिनेछ ।

३. प्रस्ताव सम्बन्धी विस्तृत जानकारी गाउँपालिकाको websiteM www.tamakoshimun.gov.np बाट प्राप्त गर्न सकिनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**

# मधेशका पूर्वमन्त्रीसहित ७ जनाविरुद्ध मुद्दा



**काठमाडौं/मस-** अख्तियार दुरुपयोग अनुसन्धान आयोगले झलनाथ खनाल प्रतिष्ठानको सर्प पाल्ने कार्यक्रममा भ्रष्टाचार भएको ठहर गर्दै मधेश प्रदेशका पूर्वआर्थिक मामिला तथा योजना मन्त्री विजय कुमारसहित ७ जनाविरुद्ध मुद्दा दायर गरेको छ ।

अख्तियारले सार्वजनिक सम्पत्ति हानिनोक्सानी गरी भ्रष्टाचार गरेको आरोपमा पूर्वमन्त्री कुमारसहित सर्लाही, लालबन्दी नगरपालिकाका तत्कालीन नगर प्रमुख मान बहादुर खड्का, मधेश प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रालयका तत्कालीन सचिव प्रेम कुमार श्रेष्ठ, तत्कालीन झलनाथ खनाल स्वास्थ्य विज्ञान प्रतिष्ठान, नेपाल हाल राष्ट्रिय स्वास्थ्य विज्ञान तथा अनुसन्धान परिषदका सञ्चालक समितिका पदाधिकारीहरु अध्यक्ष रेवती प्रसाद पन्त, महासचिव नवराज भण्डारी, कोषाध्यक्ष निरज भण्डारी र सदस्य देवेन्द्र रायविरुद्ध आइतबार विशेष अदालतमा मुद्दा दायर गरेको हो ।

सर्लाहीको लालबन्दी रहेको प्रतिष्ठानसँग मिलेर सर्पको विष संकलन, प्रशोधन र उत्पादन केन्द्र स्थापनाका लागि प्रदेश सरकारको आर्थिक वर्ष २०७६/०७७ को बजेट वक्तव्यमा संघीय सरकारबाट समपुरक अनुदानका रुपमा प्राप्त रकमसहित बजेट विनियोजन गरिएको थियो । तर तत्कालीन आर्थिक मामिलामन्त्री कुमार र लालबन्दी नगरपालिकाका प्रमुख खड्काले आफूलाई नभएको अधिकार प्रयोय गरी कानून विपरीत झलनाथ खनाल स्वास्थ्य विज्ञान प्रतिष्ठानसँग साझेदारी गरेको र बदनीयतपूर्वक १७ करोड ९८ लाख ३३ हजार रुपैयाँ निकासा गरेको अख्तियारलको ठहर छ ।

पूर्वमन्त्री कुमार र नगरप्रमुख खड्का, सञ्चालक समितिका पदाधिकारीहरु अध्यक्ष पन्त, महासचिव भण्डारी, कोषाध्यक्ष भण्डारी र सदस्य रायविरुद्ध १७ करोड ९८ लाख ३३ हजार रुपैयाँ बिगो कायम गर्दै बिगोअनुसार जरिवाना र सजायको मागदाबी गरिएको अख्तियारका प्रवक्ता भोला दाहालले जानकारी दिए । यस्तै मन्त्रालयका तत्कालीन सचिव श्रेष्ठविरुद्ध ३ करोड २७ लाख रुपैयाँ बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९(२) बमोजिमको कसुरमा सोही दफा १९(२) बमोजिम कैद र जरिवानासमेत हुन मागदाबी लिइएको प्रवक्ता दाहालले बताए ।

# प्रादेशिक अस्पताल गौरको सेवा चुस्तदुरुस्त बनाउन निर्देशन



**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, २१ असोज

मधेश प्रदेशका स्वास्थ्य तथा जनसंख्या मन्त्री वीरेन्द्र सिंहले प्रादेशिक अस्पताल गौरको सेवाहरु चुस्तदुरुस्त बनाउन निर्देशन दिएका छन् ।

रौतहटको गौरस्थित प्रादेशिक अस्पतालको आइतबार अनुगमन गर्दै मन्त्री सिंहले यस्तो निर्देशन दिएका हुन् । मन्त्री सिंहले आम नागरिकहरुलाई स्तरीय स्वास्थ्य सेवाको पहुँच तथा स्वास्थ सामग्रीहरुको उपलब्धताको लागि आफूले कुनै कसर बाँकी नराख्ने बताए ।

अनुगमनकै क्रममा मन्त्री सिंहले मधेश प्रदेशको प्रादेशिक अस्पतालहरु देशमा नै स्तरीय तथा सेवा सुविधा सम्पन्न नमुनाको रुपमा व्यवस्थापन गर्ने आफ्नो लक्ष्य रहेको बताए ।

अस्पतालमा भएका अपुग स्वास्थ्य सामग्री तथा उपकरणहरु १५ दिनभित्रै उपलब्ध गराउने उनले प्रतिबद्धता समेत जाहेर गरे ।

साथै कमिसनको लोभमा कुनै चिकित्सक तथा कर्मचारीहरुले अस्पतालबाट प्रदान गरिने सेवाहरु अस्पतालबाट उपलब्ध नगराई मिलेमतोमा प्राइभेट क्लिनिक तथा मेडिकलबाट उपलब्ध गराएमा त्यस्ता कमिसनखोर कर्मचारीहरुलाई निलम्बन गरिने बताए ।

# ब्राउन सुगरसहित तीन जना पक्राउ

**बिन्द्र राई/मध्यान्ह**
उदयपुर, २१ भदौ

उदयपुरमा ब्राउनसुगरसहित तीन जना पक्राउ परेका छन् । विशेष सूचना आधारमा जिल्ला प्रहरी कार्यालय उदयपुरबाट खटिएका प्रहरी टोलीले शनिबार साँझ नगरपालिका -५ कोठूस्थित कोशी पुल नजिकै आउँदै गरेको अस्थामा सुनसरीको कोशी गाउँपालिका-५ श्रीपुरका २१ वर्षीय खैरुल वासरलाई २० ग्राम ९० मिलिग्राम ब्राउन सुगरसहित पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय उदयपुरको प्रहरी नायव उपरीक्षक हरिनन्दन चौधरीले जानकारी दिए ।

चौधरीको अनुसार बेलका नगरपालिका- १ आम्बासीस्थित चेकजाँचमा खटिएका सोही प्रहरी टोलीले सप्तरीको फत्तेपुरबाट आउँदै गरेको प्र.२-०१-००१प ४९५० नम्बरको मोटरसाइकलमा सवार सप्तरीको कंकालिनी नगरपालिका १ को २७ वर्षीय बेचन मण्डल र सोही ठाउँको ३२ वर्षीय जितेन्द्र मुखियालाई ब्राउन सुगरसहित पक्राउ गरिएको जानकारी दिए ।

उनीहरूका साथबाट १६ ग्राम ४७० मिलिग्राम ब्राउन सुगर बरामद गरेको प्रहरीले जनाएको छ। ब्राउन सुगरसहित पक्राउ परेका तीनै जनाको सम्बन्धमा जिल्ला प्रहरी कार्यालय उदयपुरमा थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

"आयो टप्प टिप्यो, लग्यो, मिति पुग्यो टारेर टर्दैन त्यो,
इन्दै बिन्ति गरुन झुकेर पदमा, त्यो बिन्ति मान्दैन त्यो,"

# भावपूर्ण श्रद्धाञ्जली



जन्म मिति:
वि.स. २०४१/०६/१८

स्वर्गारोहण:
वि.स. २०८०/०६/१६

स्व. राजेन दर्लामी

यस संस्थाका सञ्चालक **श्री कमल बहादुर दर्लामी मगर**का भाई **राजेन दर्लामी**को यही असोज १६ गतेका दिन भएको असामयिक निधनले हामीलाई स्तब्ध बनाएको छ । **स्व. दर्लामी** को असामयिक निधन भएको आज ७औं दिनको पुण्य तिथिमा हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै यस दुःखद् घडीमा शोकसन्तप्त परिवारजनप्रति गहिरो समवेदना व्यक्त गर्दछौं ।

**प्रोफेशनल मेनपावर सर्भिसेज प्रा.लि. परिवार**
बसुन्धारा, काठमाडौं

## Kuwait मा रोजगार
कम्पनी: CARE FOR BUILDING AND CITIES CLEANING CONTRACTING CO. W.L.L. शहर : KUWAIT

पूर्व स्वीकृत मिति: २०८०/०६/२१ चलानी नं.: ६०२०८८६५ L.T. No.: 293616

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | CLEANER/HELPER | 50 | 50 | स. काममा दक्ष | 85 | ३६,५२६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० असोज २९ गते (16 October 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामामा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**STARIS HR SERVICES PVT. LTD.**
श्रम इजाजत नं. १३२४/०७४/०७५
Basundhara, Kathmandu, Tel.: 01-5910250, 4370973, 4370762
CONTACT NO.: 9851336470 | 9802320574 | 9802320575

## साउदीमा रोजगार
कम्पनी: MOHAMMED SULEIMAN BIN ABDULAZIZ AL-ALLOUSH शहर: Saudi Arabia

पुर्व स्वीकृत मिति: २०८०/०६/२१ चलानी नं.: ६०२०८८३३ LT. No.: 293669

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Tailor For Men Clothing | 1 | 0 | स. काममा दक्ष | 2800 | १०२,०३२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० असोज २९ गते (16 October 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. ३००२/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामामा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**Euro-Asia Employment Service Pvt. Ltd.**
Govt. Lic: 548/062/63
Mitrapark-7, Chabahil, Kathmandu, Tel : 01-4494197

## Qatar मा रोजगार
Qatar Multi Tech Trad & Cont. W.L.L.

पूर्व स्वीकृती मिति: २०८०/०६/२१ चलानी नं. ६०२०८८६६ LT.No. 293638

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब QR. | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Driver | 01 | [illegible] | 1700 | ६१,८८८।- | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | | २ वर्ष |
| २. | Electrician | 03 | | 1500 | ५४,६०७।- | | | | | | | |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. १,५००/- कामदार आफैले | रु. ७००/- कामदार आफैले | निशुल्क |

अन्तरवार्ता २०८० असोज २९ गते (16 October, 2023) यस प्रा. लि. को कार्यालय काठमाडौंमा हुनेछ ।

बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी: [illegible]

**Berjaya Resources PVT. LTD.**
Gov. Lic. No. 1356/074/075
Kathmandu, Nepal Tel.: 01-4116649
Email : infoberjaya1356@gmail.com | Web : Berjayaresources.com

## साउदीमा रोजगार
कम्पनी : Branch of Hyundai Engineering Company Limited शहर : DAMMAM

पुर्व स्वीकृत मिति: २०८०/०६/२१ चलानी नं.: ६०२०८८६२ L.T. No.: 293806

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Building Worker | 45 | 0 | स. काममा दक्ष | 1000 | ३५,४३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० असोज २९ गते (16 October 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | क.नं. १ को रु. १०,०००/- अन्यको नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामामा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**Asiapower Recruitment Consultants Pvt. Ltd.**
Govt Lic No. 1198/073/074
P.O.Box: 24384, Sukedhara, Kathmandu, Nepal
Tel : 4016618, 4016797, Mob.: 9851065493, 9823570388
E-mail : asiapowerjobnepal@gmail.com

## साउदीमा रोजगार
कम्पनी: INVESTMENT FACILITIES MANAGEMENT CO. शहर: RIYADH

पूर्व स्वीकृत मिति: २०७९/०९/२५ चलानी नं.: ६०२०८८७४ LT. No.: 279223 पुन: विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Office And Facility Cleaning Worker | 19 | 0 | स. काममा दक्ष | 1000 | ३५,४३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०८० असोज २९, ३० र कार्तिक १ गते (16, 17 & 18 October 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामामा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**Growth Process International Employment Pvt. Ltd.**
श्रम इजाजत पत्र नं. ५१८/०६१/०६२
P.O.Box No.: 12839, Basundhara-3, Kathmandu, Nepal,
Phone No.: 01-5904622, Fax: 4383347, Mobile No.: 9851146986
Email : growth_processintl@yahoo.com, Web. : www.growthprocessintl.com

## UAE मा वैदेशिक रोजगारको अवसर
कम्पनी: AL NAJMA AL FAREEDA INTERNATIONAL BUILDING MAINTENANCE LLC शहर: DUBAI

पूर्व स्वीकृत मिति: २०७८/०९/२१ चलानी नं.: ६०१७९०५२ L.T. No.:262198 पुनविज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 10 | 0 | सम्बन्धित काममा दक्ष | 900 | ३२,५६२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Security Guard | 42 | 0 | | 1200 | ४३,४१६ | | | | | | | |

२. कम्पनी : POWER FORCE SECURITY SERVICES L.L.C शहर: ABU DHABI

पूर्व स्वीकृत मिति: २०८०/०२/२२ चलानी नं.: ६०२०२७९८ L.T. No.: 287212 पुन: विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 30 | 29 | सम्बन्धित काममा दक्ष | 900 | ३२,५६२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Security Guard - SIRA | 71 | 10 | | 1200 | ४३,४१६ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय कुपन्डोल, ललितपुरमा २०८० असोज २९ गते (16 October 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामामा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**AIR KINGS PLACEMENT PVT. LTD.**
साविक (VRINDIT SERVICES PVT. LTD.)
AKP Gov. Lic. No. 712/064/065
Kupandole, Lalitpur, Nepal, Tel: 01-5524006, 5427196

## कुवेतमा रोजगार
कम्पनी: TIJAN INTERNATIONAL DENTAL CENTER शहर: KUWAIT

पूर्व स्वीकृत मिति: २०८०/०३/१२ चलानी नं.: ६०२०३९३७ LT. No.: 288663 पुन: विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 0 | 29 | स. काममा दक्ष | 120 | ५१,५६६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० असोज २९ गते (16 October 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामामा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**GULF EMPIRE COMPANY PVT. LTD.**
श्रम इजाजत नं. १५९९/०७९/८०
KMC-31, Minbhawan, Baneshwor, Kathmandu, Nepal. Tel: 01-4115960 /61
Mobile: 9813287287 | 9801315959 | 9851095704 | 9801106264
Email: gulfempirenepal@gmail.com | Web.: www.gulf-empire.com
Creating a Better World !

## मलेसियामा रोजगार
कम्पनी: SHARP WIN INDUSTRIAL SDN BHD शहर: Malaysia, Ferai

पूर्व स्वीकृत मिति: २०८०/०६/२१ चलानी नं.: ६०२०८८७२ LT. No.: 293721

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 10 | 15 | स. काममा दक्ष | 1500 | ४२,१३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० असोज २९ गते (16 October 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

